वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

पत्र सं: ०८२/८३
च नं:

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

मिति: २०८२/१२/०१

## कृषि उत्पादनको संकलन, प्रशोधन तथा बजारीकरण सम्बन्धी साझेदारी कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र/ गैर सरकारी संघ संस्थाको लागि आशय पत्र आव्हान सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०८२/१२/०१

वालिङ नगरपालिकाको निजी क्षेत्र/गैर सरकारी संघ संस्थासँग साझेदारीमा काम गर्ने उद्धेश्यले "वालिङ नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७९" को अधिनमा रही चालु आ.व. २०८२/८३ देखि वहुवर्षीय/सालवसाली रुपमा कार्यविधिको परिच्छेद २ (ग र ड) मा उल्लेखित क्षेत्रमा काम गर्न इच्छुक आवश्यक योग्यता पुगेका निजी तथा गैरसरकारी क्षेत्रका व्यक्ति वा संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशन मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो संस्थाको आशय पत्र पेश गर्न आव्हान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट www.walingmun.gov.np बाट उक्त कार्यविधि डाउनलोड गर्न वा वालिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। म्याद नाघी आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन। आशय पत्र दाताको योग्यता, अनुभव, क्षमता र साझेदारीका लागि आवश्यक वजेटको श्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्यांकन गरिनेछ।

आश्यपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु :

१) आशय पत्र पेस सम्बन्धी निवेदनः
२) आशय पत्रको फारमः
३) संस्थाको दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमति लिनु पर्नेको हकमा) लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि,
४) साझेदारीका लागि आवश्यक बजेटको श्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने प्रतिवद्धता पत्र,
५) प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
६) संस्था कालो सूचीमा नपरेको स्वःघोषणा पत्रको सक्कल प्रति,
७) व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (फाइल),
८) विगत ३ वर्षमा काम गरेको समान प्रकृतिको काम र संस्थाको विवरण,
९) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण,

१२/१

प्रमुख प्रशासकीय अधिकृत